# आर्थिक वर्ष २०७८/७९  को राप्ती गाउँपालिकाका प्रस्तावित बजेट तथा कार्यक्रम

**मितिः २०७८ असार १० गते**

**आदरणीय अध्यक्ष महोदयगाउँसभा सदस्यहरु ,**

१को  १९-विश्वभर फैलिएको कोरोना संक्रमणले हाम्रो मुलुक पनि आक्रान्त बनेको छ । कोभिड . दोस्रो भेरिएन्टका कारण सिर्जित विषम परिस्थितिमा आगामी आर्थिक वर्ष २०७८।०७९ को अनुमानित बार्षिक आय व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु । मलाई यो जिम्मेवारी दिनुहुने आदरणिय अध्यक्षज्यू प्रति आभार व्यक्त गर्न चाहान्छु ।

२. लुम्विनी प्रदेशको राजधानी तोकिएको सुनौलो अवसरमा यस क्षेत्रमा  विकास र समृद्धिको नयाँ आयाम थपिने तथा सुन्दर, व्वस्थित र आधुनिक सहर निर्माण हुने दिशामा राप्ती गाउँपालिका अघि बढिरहेको छ ।

३ले हाम्रो विकास र समृद्ध १९ को प्रारम्भमा देखा परेको कोभिड २०२० सन .िको यात्रालाई गम्भीर रुपमा प्रभावित गरेको छ । कोभिड महामारी र यसको रोकथामका लागि गरिएका हाम्रा प्रयाससमर्थन र संस्थागत प्रवन्धका बाबजुत पनि राप्ती गाउँपालिकामा रहनुहुने धेरै जना दाजुभाई , दिदीवहिनिहरुले ज्यान गुमाउनु परेको छ । यस महामारीवाट मृत्यूवरण गर्नुहुने सवैमा हार्दिक श्रदान्जली अर्पण गर्दछु । उहाँहरुका परिवारजनमा समवेदना प्रकट गर्दछु । अहिलेपनि धेरै जना संक्रमित भई घरमै आइसोलेसनल ,सिसहनिया आइसोलेसन ,मही आइसोलेसन तथा अन्य अस्पतालमा  उपचाररत हुनुहुन्छ । उहाँहरुको सिघ्र स्वास्थ्य

लाभको प्राथाना गर्दछु ।

३संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि भएका आन्दोलन तथा संघर्षहरुमा जीवन . उत्सर्ग गर्नुहुनो सहिदहरु प्रति श्रदा सुमन अर्पण गर्दछु ।

४को दोस्रो संक्रमणको जोखिम कायमै छ । नेपालभर तथा यस १९ कोभिड . जिल्लामा पनि लकडाउन कायमै छ । यो परिस्थिति कहिलेसम्म रहन्छ टुंगो छैन । यस्तो जोखिमपूर्व परिस्थितिमा पनि स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गर्दै संवैधानिक प्रावधान बमोजिम तोकिएकै मिति भित्र यस सभामा नीतिविषयगत समितिका ,कार्यक्रम तथा बजेट तयारी गर्नको लागि सहयोग गर्ने वडाध्यक्षज्यूहरु , पदाधिकारीहरु र कर्मचारीहरुलाई धेरै धन्यवाद दिन चाहान्छु ।

५ ,कोभिडवाट अति प्रभावित जिल्ला दाङ विगत डेढ महिनादेखी लकडाउनमा छ । व्यापार. यायातात प्राय ठप्प छन् । यस्तो परिस्थितिमा पनि हामी हाम्रो ,होटल ,कृषि उद्यम ,व्यावसाय पालिका भित्र विकास निर्माण गतिविधि संचालन गर्दै आएका छौ । वडास्तर तथा पालिकास्तरवाट सञ्चालन गर्नुपर्ने क्षमता विकाससिपमुलक तालिम सञ्चालन गर्न सकिएन । ,अभिमुखिकरण , विद्यालयहरु वन्द रहेकाले शिक्षा क्षेत्र प्रभावित रह्यो ।

6.विकाससामाजिक न्यायको सपनालाई कोभिडले प्रभाव पारेपनि जनप्रतिनिधिहरुको ,सम्वृद्धि , स्वास्थ्य सुरक्षा मापदण्डमा सक्रियताकर्मचारीहरुको त्याग र समर्प ,णस्वास्थ्य कर्मिहरुको , अतुलनीय योगदानले हालसम्म हाम्रो पालिका परिवार भित्र कसैलाई गुमाउनु नपरे पनि गाउँपालिका भित्र व्यावसायीउद्यमी तथा किसान दाजुभाई दिदी वहिनी गुमाएका छ ,होनहार युवा ,शिक्षक ,ौ । हामीले अझैपनि धैर्य र संयमता कायम गर्दै स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न जरुरी छ । कोभिड रोकथाम तथा नियन्त्रणका हाम्रा प्रयासहरु निरन्तर रहने छन् ।

7.गाउँपालिका स्तरमा सञ्चालन भईरहेका कैयौं गौरवका योजनाहरु तथा वडा स्तरमा जनताको जीवनसंग प्रत्यक्ष जोडिएका सडक स्तरोन्नतीविद्यालयहरुको मर्मत ,नाला निर्माण ,कल्भर्ड निर्माण , संभार जस्ता कार्यहरु विस्तारै हुँदै गएपनि हामीले हाम्रो कार्यकालको सुरुवाती वर्षमा सञ्चालन गरेका केहि महत्वपूर्ण योजनाहरु यस वर्ष पनि निरन्तर संचालन हुनेछन् ।

८ रासी चक्रफथ क्रमसः .निर्माण भैरहेको छ । महत्वपूर्ण दुई पुलहरु मजनीगढ र पथ्थरगढवा आगामी आमा सम्पन्न हुनेछन् । पालिकाले महत्वपूर्ण ठानेको मुख्य सडकहरुको स्तरोन्नती .व. क्रमस भइरहेको । आगामी आर्थिक वर्षमा हाम्रो प्रशासनीक भवन निर्माण सम्पन्न भई हामी आफ्नै प्रशासनिक भवनवाट सेवा दिने छौ । १ नं., २ नं., ४ नंवडा कार्यालय निर्माणाधिन रहने छ भने . ,पाखापानी ,अन्य वडा कार्यालय आफ्नै भवनवाट सञ्चालित हुने छन् । भालुवाङसुन्दरपुर, लालमटियाप्रदेश र ,पथ्थरगढवा शहरको रुपमा विकास हुदैंछन् । संघ ,सिसहनीया ,मौरीघाट , स्थानीय तहको सहकार्यमा संचालित योजनावाट यो पालिकामा कल्पना गरिने सुनिने मात्र होइन , देखिने गरी पुर्वाधार विकास भएको छ । संघ प्रदेश तथा विभिन्न संघ सस्थाहरुको साझेदारीमा मच्छितालकरङ् ,सानीघोस ,वाउनेपाटा ,आपखोली ,गेरुपाकोट जस्ता पहाड ,देविकोट ,ी क्षत्रमा आधारभुत क्षेत्र जस्तै विद्युतस्वास्थ्य संस्थाको उपलव्धता पुर्याउन हामी ,सिंचाई ,खानेपानी , क्रियाशिल छौ ।

9.होमस्टे प्रवर्धन,सौर्य सिंचाई प्रणाली सूचारु ,मठमन्दिर संरक्षण , गोठ सुधार कार्यक्रममौरीपालन , सुरक्षित नागरिक ,कागती खेती प्रवर्धन ,बंगुरपालन प्रवर्धन ,बाख्रापालन प्रवर्धन ,प्रवर्धन कार्यक्रम मा जिवनस्तरमा सूधार भएको अवस्य देखिने छ ।.व.आवास कार्यक्रमको कारण आगामी आ

१० स्थानीय तहको निर्वाचनको माध्यमद्वारा जनताको असीम विश्वास र माया पाएर निर्वाचित भई चार वर्ष जनताको सेवामा व्यतित गरिसकेका छौ । जनताको विश्वासलाई कायम राखिराख्ने दिशामा यो सभा सदैव क्रियाशील रहनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय,

११ मुलुकले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको जगमा उभिएर **"स्वास्थ्य शिक्षा कृषि पर्यटन र पूर्वाधार, समृद्ध राप्ती गाउँपालिकाको आधार"** भन्ने नाराका साथ अघि बढेका हामी कोभिडबाट जोगिदै समृद्धिको यात्रामा अघि बढ्ने चुनौतीपुर्ण अवस्थामा छौ । चालु आर्थिक वर्षमा आर्थिक, सामाजिक, पूर्वाधार तथा वातावरण र विपद व्यवस्थापनको क्षेत्रमा उल्लेखिय स्रोत साधनको विनियोजन गरी कार्यान्वयनको चरणमा रहेको अवस्थामा कोभिड-१९ दोस्रो भेरियन्टका कारण बैशाख महिनादेखि आसातित रुपमा क्रियाकलाप, आयोजना र कार्यक्रम गर्न कठिनतम अवस्थाको सिर्जना भएको छ ।। यस्तो परिस्थितिमा पनि स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउदै विकास निर्माण तथा आर्थिक कृयाकलापहरु क्रमस सञ्चालनमा आएका छन ।

अध्यक्ष महोदय

१२ अब म चालु आर्थिक वर्षको आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु
विगत आर्थिक वर्षहरुमा गाउँपालिकाको पूँजीगत खर्च अपेक्षित रुपमा खर्च हुन सकेको थिएन । नेपालको संविधान जारी भएसँगै स्थानीय तहको सरकार गठन भए लगतै न्यूनतम जनशक्तिको उपलब्धतासँग कार्य थाल्नी गरेपनि अपेक्षित उपलब्धी हाँसिल हुन नसकेको कुरा सबैलाई अवगत नै छ । चालु आर्थिक वर्षको तेस्रो चौमासिकको सुरुवातमै विश्वभर फैलिएको कोभिड-१९ कोरोना भाइरसको संक्रमण त्रास तथा संक्रमणको दरलाई न्यूनिकरण गर्न नेपाल सरकारले बन्दाबन्दीको अवधी घोषणा गरेसँगै विकास निर्माण लगायतका कार्यहरुमा प्रत्यक्ष प्रभाव रहि विकास निर्माणका लागि आवश्यक पर्ने सामग्रीहरुको उत्पादनमा कमि आई अभाव सिर्जना, ढुवानी प्रणालीमा समस्या, आयोजनास्थलमा कार्य गर्ने मजदुरहरु समेत आ-आफ्नो घर भएको ठाउँमा जानुपर्ने अवस्था सिर्जना भएबाट पुँजीगत खर्चमा अपेक्षित उपलब्धी हाँसिल हुन कठिनाई उत्पन्न भयो । सम्झौता भई सकेका आयोजना तथा कार्यक्रमसमेतको कार्य सञ्चालन गर्न कठिन परिस्थितिको सिर्जना भयो । सामाजिक तथा आर्थिक क्षेत्रमा समेत विनियोजन भएका केहि कार्यक्रम तथा आयोजनाहरुको कार्य सञ्चालनमा कठिनाई उत्पन्न भयो । केहि संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।

आर्थिक विकास तर्फ

चालु आ.व. को जेठ मसान्तसम्म तरकारी कम्पोजिट प्याकेट बीउ राप्ती गाउँपालिका अन्तरगतका ९ वटै वडाहरुमा १५०० घरधुरीलाई वितरण गरिएको छ । अन्नबाली तर्फ धान, गहुँ, तोरी लगायतको उन्नत बीउ विजन १७७ क्विन्टल वितरण गरिएको छ । टिपिए आलुको बीउ ३२५ जनालाई वितरण गरिएको छ । च्याउको बीउ १०५ किसान र च्याउ खेतीका लागि टनेल जना किसानलाई वितरण तथा निर्माण गरिएको छ । कृषि सम्बन्धी ९१ जना कृषकलाई तालिम प्रदान गरिएको छ ।

पशु विकास तर्फ गाउँपालिका भित्र बिभिन्न महामारी रोग २२५०० डोज खोप सेवा प्रदान गरिएको छ ।राप्ती गाउँपालिका भित्रका ५ वटा आधारभूत बिद्यालयहरुका करिव ३५० बिद्यार्थीहरुलाई जुनोटिक रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । गाउँपालिकाबाट ४१३ कृषकहरुलाई निशुल्क हिउदे घाँसको बिउ बितरण गरिएको

छ । गाउँपालिकाबाट ४०७ जनालाई निशुल्क बर्षे घाँस (सुडान र टियोसेन्टी) वितरण गरिएको छ । राप्ती गाउँपालिकाक१,२,३ , ५,६,७ र ८ वडाहरुका १०० बिपन्न गरिव घर परिवारलाई आय आर्ज तथा पोषण सुदृढिकरणका लागी बगुर प्रर्वद्धनका लागि अनुदान वितरण गरिएको छ । राप्ती गाउँपालिका वडा नं ५ को करङ्गे र थकरीकोटमा गरी विपन्न ४५ घर परिवारलाई २/२ वटाका दरले ९० वटा बाख्रा र ३ बोयर जातका बाख्रा बितरण गरिएको छ ।

निशुल्क कृतिम गर्भाधान कार्यक्रम साप्ताहिक क्लिनिकको लागि औषधी खरिद व्यावसायिक किसान समूह समिति तथा डिस्पेनसरी सञ्चालनको लागि औषधी खरिद गरी ६४०७ वटा पशुहरुको विभिन्न किसिमका रोगहरुको उपचार गरिएको छ । कोभिड विशेष कार्यक्रम अन्तरगत कोभिड प्रभावित १४४ किसानलाई अनुदान दिईएको छ । एक गाउँ एक उत्पादन कार्यक्रम अनुसार २६ व्यबसायिक गाई भैसी पालक किसानलाई अनुदान वितरण गरीएको छ ।

पूर्वाधार विकास तर्फ

आ.व. २०७७/७८ को जेठ मसान्तसम्म पूर्वाधार विकास तर्फ ४१०० मिटर कालोपत्रे सडक , कच्ची नाला ६४०० मिटर, कुलो निर्माण ८२० मिटर, सिचाई पाइप लाईन ६७४ मिटर, वडा कार्यालय भवन सम्पन्न ५ वटा, भवन निर्माण तथा मर्मत २५ वटा, मन्दिर निर्माण तथा मर्मत ६ वटा, पार्क निर्माण १ वटा ,विभिन्न सडकहरुको ट्याक खोल्ने कार्य तर्फ १०००० मिटर निर्माण सम्पन्न भएको छ । शौचालय ७ वटा, खेलकुद मैदान सुधार ३ वटा, पर्खाल निर्माण ६२४ मिटर, पोखरी निर्माण तर्फ २ वटा सम्पन्न भएको छ ।

सामाजिक विकास तर्फ

शिक्षा क्षेत्र सामाजिक विकास क्षेत्र अन्तरगत शिक्षा उपक्षेत्रमा चालु आमा चालु खर्च तर्फ आधारभुत .व. तहसम्मको शिक्षा निःशुल्क कार्यान्वयनको सन्दर्भमा आधारभुत तह सञ्चालन भएका सबै विद्यालयहरुमा जना शिक्षकको व्यवस्था गरिएको छ । मा ६५ गाउँपालिकाबाट आफ्नै स्रोत र साधनबाटध्यमिक तहसम्म अध्ययनरत १ देखि १० कक्षासम्म अध्ययनरत ७१०६ जना बालबालिकालाई पाठयपुस्तक उपलब्ध गराईएको छ । १२०६ जना छात्रा तथा ११४ जना दलित विद्यार्थी गरी कूल १३२० जनालाई वार्षिक रु . ८८०६ दरले छात्रवृत्ती उपलब्ध गराईएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत ४०० जना विद्यार्थी संख्या बराबरको प्रति विद्यार्थी लागत बुक कर्नर तर्फ ३१ लाख ६ हजार ८ सय उपलब्ध गराईएको छ । आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराईएको छ । बालविकास देखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकालाई दिवाखाजाको व्यवस्था गरिएको छ । ५ वटा सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनमा आधारित अनुदान उपलब्ध गराईएको छ ।

शिक्षा क्षेत्र पुँजीगत विकास तर्फ नमूना विद्यालय भौतिक पूर्वाधार विकास अनुदान १ करोड, विद्यालयको पूर्वाधार विकास अन्तरगत ४ कोठे भवन, ३ वटा शौचालय निर्माणको अन्तिम चरणमा रहेकाछन । ५ वटा विद्यालयलाई सूचना प्रविधिमैत्री बनाइएको छ । १ वटा विद्यालयमा पुस्तकालय स्थापना तथा १ वटा

विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गरिएको छ। राप्ती गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको अन्तिम चरणमा रहेको छ। ९ वटा विद्यालयहरुको रङरोगन तथा मर्मत कार्य सम्पन्न गरिएको छ।

कोभिडरोगको संक्रमणले शिक्षा क्षेत्रमा प्रत्यक्ष असर पारेको छ। बालबालिकाहरुको नियमित सिकाइ १९- क्रियाकलापमा प्रत्यक्ष प्रभाव परेकोले सिकाई उपलब्धी सूधारमा चुनौती थपिएको छ। कोभिड-१९ रोग संक्रमण नियन्त्रण र जोखिम न्यूनिकरणका लागि स्थानीय प्रशासनले पटक पटक गरी बन्दाबन्दीको अवधी कायम गरेकोले विद्यार्थीको भौतिक उपस्थितीमा बार्षिक परीक्षा सञ्चालन गर्न नसकिएकोले शैक्षिक सत्र २०७७ को वार्षिक मूल्याङ्कन आन्तरिक मूल्याङ्कनका साधनको प्रयोग मार्फत सम्पन्न गरिएको छ। विद्यालय सञ्चालन भई विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन गर्नु चुनौतिको विषय बनेको छ। प्रत्येक वर्षका बजेट तथा कार्यक्रममा शिक्षा क्षेत्र कमी स्रोतको विनियोजन भई तोकिएका क्रियाकलाप सञ्चालन गर्न कठिनाई तथा चुनौति सिर्जना भएको छ। गाउँपालिका तथा वडाहरुबाट यस क्षेत्रमा प्रयाप्त स्रोतको सुनिश्चित गर्नपर्ने तर्फ जोडदिनु पर्नेछ।

चालु आ०८८ को जेठ मसान्तसम्म संघीय सरकार सर्शत अनुदानको .व..८० प्रतिशत तथा गाउँपालिकाबाट विनियोजन भएको कूल रकमको ८६ प्रतिशत रकम खर्च भएको छ। ०८.

स्वास्थ्य तर्फ वडा २ र ३ मा आधारभुत स्वास्थ्य ईकाई स्थापना भई सञ्चालनमा आएको छ। सिसहनिया स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालमा स्तरवृद्धिको निम्ती डिपिआर सम्पन्न भई मन्त्रालयबाट स्विकृत भएको छ। लालमटिया र सिसहनिया स्वास्थ्य चौकीको बर्थिङ सेन्टरबाट चालु आव को जेठ मसान्त सम्म जम्मा ५८५ जनालाई प्रसुति सेवा दिईएको छ। वडा खोप सेवा ६४१ जनालाई प्रदान गरिएको छ। सामान्य विरामी जाँच तथा उपचार सेवा २७३०६ जनाले पाएका छन्। जेठ मसान्तसम्म परिवार नियोजनको सेवा लिनेको संख्या १४९१ रहेको छ।

खानेपानी तर्फ ११००३ घरधुरीको घरायसी वास सर्वेक्षण सम्पन्न भएको छ। २४ वटा खानेपानी तथा सरसफाई योजना सर्वेक्षण भएका छन्। १७४ वटा विद्यालय स्वास्थ्य संस्था र सार्वजनिक स्थल को योजना सर्वेक्षण भएको छ।

विपद व्यवस्थापनका लागि गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको गठन भएको छ। विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। स्थानीय आपतकालिक कार्य सञ्चालनमा ल्याईएको छ।पूर्वाधार विकास गर्ने सन्दर्भमा गर्न प्रचलित कानून अनुसार EIA/IEE गरिनेछ।

**संस्थागत विकास तथा सुशासन तर्फ**

स्थानीय तहका कार्यालय तथा विषयगत शाखाहरुको व्यवस्थापन गरिएको छ। वडा कार्यालयहरु सम्बन्धित वडामा स्थापना गरिएको छ। गाउँपालिकामा सूचना अधिकारीको व्यवस्था गरिएको छ। अनलाइन तथा बैकं मार्फत सामाजिक सूरक्षा वितरण गरिएको छ। आर्थिक नीति सामाजिक नीति सुशासन नीतिको तर्जुमा गरिएको छ। खाद्य

तथा बजार अनुगमनको कार्य सम्पन्न गरिएको छ। नियमित रुपमा गाउँपालिकाका सूचनामा  आम नागरिकको पहुँच अभिवृद्धि गर्न नियमित रुपमा राप्ती गाउँको गतिविधि प्रकाशन प्रशारण गरियो।  कार्य वातावरणमा सहजता सिर्जना गर्नका लागि वैकल्पीक उर्जाको व्यवस्था गरियो। सार्वजनिक जवाफदेहिता उत्तरदायित्व र पारदर्शितामा अभिबृद्धि गर्न लागि सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीण, कार्यक्रम सञ्चालन गरिएको छ।  नागरिक वडापत्रको व्यवस्था गरिएको छ। भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिएको छ।  विभिन्न निकायसँग सहकार्य र सहयोगमा कार्य सञ्चालन गरिएको छ।

अध्यक्ष महोदय

आर्थिक वर्ष २०७८।७९ को बजेट तथा कार्यक्रम निर्माणका आधारहरु निम्नलिखित रहेका छन्।

१. नेपालको संविधान
२. चालु आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिगदर्शन २०७५
५. राप्ती गाउँपालिकाको एकिकृत ग्रामिण विकास योजना २०७६
६. राप्ती गाउँपालिकाले आगामी आ.व. २०७८/०७९ का लागि यत गरिएका नीति तथा कार्यक्रम
७. नेपाल सरकारले विभिन्न समयमा गरेका निर्णयहरु
८. स्थानीय तहको कार्यविस्तृतीकरण
९. राप्तीवासी जनताका अपेक्षा तथा निर्वाचनको समयमा प्रस्तुत भएका प्रतिवद्धता

अध्यक्ष महोदय

**आगामी वर्षको बजेटका उद्देश्यहरु निम्नानुसार रहेकाछन**
**बजेटको उद्देश्यहरुः**

- कोभिड महामारी नियन्त्रण रोकथाम र सो को प्रभाव न्युनिकरण गर्ने।
- संविधान तथा स्थानिय सरकार सञ्चालन ऐनमा २०७४ तोकेका अधिकार क्षेत्रहरुको कार्यान्वयन
- राप्ती बासी जनताको आर्थिकस्तर बृद्धिमा सघाउ पुर्याउने
- सामाजिक न्याय स्थापना गर्ने
- विकासका पूर्वाधारहरुको निर्माण र सवलिकरण गर्ने।
- वातावरण संरक्षण तथा विपद व्यवस्थापनलाई व्यवस्थित गर्ने
- रोजगारी सिर्जना गर्ने
- आम जनताको अपेक्षाहरुको संवोधन गर्ने।

**बजेटका प्राथमिकताका क्षेत्रहरुः**

- सामाजिक विकास
- पूर्वाधार विकास
- आर्थिक विकास
- सार्वजनिक सेवा प्रवाह र सुशासन
- रोजगारी सिर्जना
- विपद् जोखिम न्यूनिकरण
- पर्यटन तथा सांस्कृतिक संरक्षण

अध्यक्ष महोदय

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा (३) आर्थिक वर्ष २०७७ /७८ को जेठ मसान्तसम्मको वित्तिय अवस्था निम्नानुसार रहेको छ।

आय तर्फ

| सि नं | तह | सशर्त | समानीकरण | विशेष | समपुरक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | १३४९९२४७२ | ९७७२५००० | ० | ५०००००००० | २३७७१७४७२ |
| २ | प्रदेश सरकार | १४८५०००० | ५४८००००० | ६०००००० | ६५६२५०० | ३२८९२५०० |

| आन्तरिक स्रोत तर्फ | | अनुमानित | वास्तविक | प्रतिशत |
|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात | ८०३००६४० | ८०३००६४० | १०० |
| २ | राजश्व अनुमान | ३५०००००० | १३६००८३८ | ३८.८५ |
| ३ | विभाज्य कोष(Royalty) | २०००००००० | ७५५०००० | ३७.७५ |
| ५ | राजश्व बाँडफाँड तर्फ | ९९०८१४८० | ६२३३७८४३ | ६२.९१ |

चालु आ व मा जेठ मसान्तसम्म संघीय सरकारबाट सशर्त समानीकरण र समपुरक गरी जम्मा रकम रु २३ करोड ७७ लाख १७ हजार ४ सय ७२ प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकारबाट चालु आ.व.को जेठ मसान्तसम्म ३ करोड २८ लाख ९२ हजार ५ सय रकम प्राप्त भएको छ। आन्तरिक स्रोत तर्फ गत वर्षको मौज्दात ८ करोड ३लाख ६ सय ४०, राजश्व तर्फ ३ करोड ५० लाख अनुमान गरिएकोमा १ करोड ३६लाख ८ सय ३८ रुपैया संकलन भएको छ। यो कुल अनुमानको ३८.८५ प्रतिशत हो। विभाज्य कोषबाट चालु आ.व.को जेठ मसान्तसम्म २ करोड अनुमान गरिएकोमा ७५ लाख ५० हजार प्राप्त भएको छ। यो कुल अनुमानको ३७.७५ प्रतिशत मात्र हो। राजश्व बाँडफाँड तर्फ ९करोड ९० लाख ८१ हजार ४ सय ८० अनुमान गरिएकोमा ६करोड २३ लाख ३७ हजार ८ सय ४३ रकम प्राप्त भएको छ जुन राजश्व तर्फको अनुमानको ६२.९१ प्रतिशत हो।

अध्यक्ष महोदय ,

अब म आर्थिक बर्ष २०७७।७८ को जेठ मसान्तसम्मको व्यय विवरण प्रस्तुत गर्न चाहन्छु।

| क्र सं | शिर्षक | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ९६२६०००० | ४९५९४८४५ | ५१।५२ |
| २ | गाउँपालिका पुजीगत | २०६५५३०१८ | ११०८०५२८१ | ५३।६४ |
| ३ | संघीय सरकार शसर्त | २२३५६६८१० | ११००४३०५७ | ४९।२२ |
| ४ | शिक्षा | २३५०००००० | १२९३५१२० | ५५।०४ |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्वास्थ्य | १५०००००००० | ७७४४९८९ | ५१।६३ |
| ६ | कृषि | ३६०००००० | २१६९३६९ | ६०।२६ |
| ७ | महिला बालबालिका | २०००००० | ७३९३०२ | ३६।९६ |
| ८ | पशु पङ्क्षी | ३०११४८० | १५२७३४५ | ५०।७१ |
| ९ | प्रदेश ससर्त तर्फ | २०८५०००० | २४३७२० | १।१६ |

यसरी जेठ मसान्त सम्मको वित्तिय प्रगति ५० प्रतिशत भन्दा माथी रहेको छ। कोभिड १९ को सक्रमण जोखिमका कारण योजना तथा कार्यक्रम कार्यान्वयन गर्न चुनौतीपुर्ण रहेता पनि धैरै जसो योजना तथा कार्यक्रमहरु निर्माण हुदै गरेका ,कार्य सम्पन्न भएर पनि भुक्तानी लिन नआएका कारणले वित्तिय प्रगति न्युन देखिए पनि आषाढ मसान्तसम्ममा ७० प्रतिशत भन्दा बढि खर्च हुने देखिन्छ।

**अध्यक्ष महोदय,**

अब म प्रस्तुत बजेट तथा कार्यक्रम तयार पार्दा अपनाइएका विधिहरुको बारेमा उल्लेख गर्न चाहन्छु। संघीय सरकार तथा लुम्विनी प्रदेश सरकारबाट प्राप्त हुन आएको वित्तीय समानिकरण तथा ससर्त तर्फको बजेट आजै यस सम्मानित सभा समक्ष पेश गरेको छु। राप्ती गाउँपालिकाको आर्थिक विधेयक २०७८ मा उल्लेख भए अनुसारका करका दरहरु बमोजिम राप्ती गाउँपालिकालाई प्राप्त हुन आउने आन्तरिक तर्फको आम्दानीमा चालु आर्थिक वर्षमा खर्च भई राप्ती गाउँपालिकाको संचित खातामा बचत रहेको रकम समेत गरी जम्मा आयको गणना निम्नानुसार गरिएको छः

आय तर्फ

| **आम्दानी तर्फ अनुमान** | | | |
|---|---|---|---|
| **बजेटको स्रोत** | **तह** | **आम्दानी रकम** | **कैफियत** |
| **समानीकरण अनुदान** | **संघीय सरकार** | **१३९६००००.००** | **१३ करोड ९६ लाख** |
| **राजश्व बाँडफाँड** | **संघीय सरकार** | **९४५१९०००.००** | **९ करोड ४५ लाख १९ हजार** |
| **सर्शत अनुदान चालु** | **संघीय सरकार** | **१६८९००००.००** | **१६ करोड ८९ लाख** |
| **सर्शत पुँजीगत** | **संघीय सरकार** | **२५५००००.००** | **२ करोड ५५ लाख** |
| **प्रदेश सरकार सर्शत** | **प्रदेश सरकार** | **८५४४०००.००** | **८५ लाख ४४ हजार** |
| **राजश्व बाँडफाँड** | **प्रदेश सरकार** | **८७३२४४८.००** | **८७ लाख ३२ हजार ४४८** |
| **वित्तीय समानीकरण** | **प्रदेश सरकार** | **६६१८०००.००** | **६६ लाख १८ हजार** |
| **विशेष अनुदान प्रदेश** | **प्रदेश सरकार** | **६००००००.००** | **६० लाख** |

| | | | |
|---|---|---|---|
| आन्तरिक स्रोतको अनुमान | आन्तरिक स्रोत | ३००००००००.०० | ३ करोड |
| आन्तरिक स्रोत तर्फको बचत हुने अनुमान | आन्तरिक स्रोत | ५००००००००.०० | ५ करोड |
| अव्यवस्थित बसोबासीहरुका लागि जग्गाको न्यूनतम मुल्याङ्कनबाट प्राप्त हुने राजश्व | आन्तरिक स्रोत | ५००००००००.०० | ५ करोड |
| समपुरक अनुदान | संघीय सरकार | ०.०० | |
| समपुरक अनुदान | प्रदेश सरकार | १५०००००००.०० | १ करोड ५० लाख |
| जम्मा | | ६०३४१३४४८.०० | ६० करोड ३४ लाख १३ हजार ४४८ |

सामाजिक सुरक्षा कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, तथा संघीय सरकार, प्रदेश सरकार र अन्य निकायबाट प्राप्त हुने बजेटको कार्यान्वयन प्रचलित ऐन तथा नियममा रही राप्ती गाउँपालिकाले गर्नेछ ।

**खर्च तर्फ**

चालु खर्च तथा पुँजीगत

| व्यय तर्फ | | | |
|---|---|---|---|
| **बजेटको शीर्षक** | **बजेटको स्रोत** | **रकम** | **कैफियत** |
| सर्शत अनुदान चालु | संघीय सरकार | १६८९००००००.०० | तोकिए बमोजिम खर्च हुने |
| सर्शत पुँजीगत | संघीय सरकार | २५५००००००.०० | तोकिए बमोजिम खर्च हुने |
| प्रदेश सरकार समपुरक | प्रदेश सरकार | १५०००००००.०० | तोकिए बमोजिम खर्च हुने |
| प्रदेश सरकार सर्शत | प्रदेश सरकार | ८५४४०००.०० | तोकिए बमोजिम खर्च हुने |
| विशेष अनुदान प्रदेश | प्रदेश सरकार | ६००००००.०० | तोकिए बमोजिम खर्च हुने |
| गाउँपालिकाको चालु तथा प्रशासनिक खर्च | | १०००००००००.०० | १० करोड |
| वडा कार्यालयहरुको चालु तथा प्रशासनीक खर्च | | ५९६८८१५.०० | ५९ लाख ६८ हजार ८१५ |

| | | | |
|---|---|---|---|
| पालिकास्तरिय गौरबका योजना ( राप्ती चक्रपथ, पुल २ वटा, वडा कार्यालय भवन २ वटा,गाउँपालिका भवन लगायत अन्य) | | ३००००००००.०० | ३ करोड |
| समपुरक कोष | | ३००००००००.०० | ३ करोड |
| विशेष अनुदान कोष | | ५००००००.०० | ५० लाख |
| साझेदारी कोष | | ५००००००.०० | ५० लाख |
| वडा कार्यालयहरुको योजना तथा कार्यक्रम  जम्मा | | ५७०३११८५.०० | ५ करोड ७० लाख ३१ हजार १८५ |
| गाउँपालिका विशेष | | ४२५६९४४८.०० | ४ करोड २५ लाख ६९ हजार १५८ |
| भूमि व्यवस्थापन इकाई सञ्चालन खर्च | | २००००००.०० | २० लाख |
| प्राविधिक परीक्षण प्रयोगशाला निर्माण | | २००००००.०० | २० लाख |
| स्थानीय तहको क्षमता विकास तथा स्वमूल्याङ्कन LISA | | १५०००००.०० | १५ लाख |
| सहकारी क्षेत्रको सुदृढिकरण तथा क्षमता विकास कार्यक्रम | | ५०००००.०० | ५ लाख |
| दलित समुदाय लक्षित योजना तथा कार्यक्रम | | १७०००००.०० | १७ लाख |
| ऐरावती बहुमुखी क्याम्पस व्यवस्थापन तथा सञ्चालन अनुदान | | १००००००.०० | १० लाख |
| देउखुरी बहुमुखी क्याम्पस व्यवस्थापन तथा सञ्चालन अनुदान | | २०००००.०० | २ लाख |
| फोहोरमैला व्यवस्थापन, डि.पी.आर. समेत | | ३००००००.०० | ३० लाख |

| | | | |
|---|---|---|---|
| दृष्टिविहिन विद्यार्थीको आवासको लागि भवन निर्माण अनुदान | | ५०००००.०० | ५ लाख |
| विद्यालयहरुका अधुरो भवन निर्माण तथा मर्मत सम्भार | | २००००००.०० | २० लाख |
| अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम | | ५०००००.०० | ५ लाख |
| पशु आहारा खरिद | | २०००००.०० | २ लाख |
| हर्षेडाँडामा गुम्बा निर्माण डिपिआर समेत | | ३०००००.०० | ३ लाख |
| पाखापानीमा विरघाट कुलोको मुहान मर्मत | | ५०००००.०० | ५ लाख |
| नागरिक आरोग्य केन्द्र लालमटिया सञ्चालन खर्च | | ३०००००.०० | ३ लाख |
| पाखोबारी सिचाईमा भल्भ मर्मत, बोरिङ सञ्चालन तथा अन्य खर्च | | ५०००००.०० | ५ लाख |
| मुक्त कमैया अधुरो भवन निर्माण | | २०००००.०० | २ लाख |
| लमही आँखा अस्पताललाई उपकरण सहायता | | ५०००००.०० | ५ लाख |
| बेसाहारा व्यक्तिको संरक्षणका लागि नीलसागर सेवा आश्रम सँग साझेदारी | | ५०००००.०० | ५ लाख |
| गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयहरु तथा अन्य सार्वजनिक भवनको व्यवस्थापन, फर्निचर तथा फर्निसिङ्ग, विद्युतीय कार्य, मेशिनरी औजार, डिजिटल बोर्ड लगाएतका खर्च | | १००००००००.०० | १ करोड |
| सवारी साधन खरिद (विद्युतीय समेत) | | १००००००.०० | १० लाख |

| | | | |
|---|---|---|---|
| जम्मा | | ३०४४६९४४८.०० | |
| शाखागत खर्च(चालुगत तथा पुजिगत) | | | |
| शिक्षा युवा तथा खेलकुद विकास | | ३२००००००.०० | |
| स्वास्थ्य | | २५५०००००.०० | |
| कृषि विकास | | ६५०००००.०० | |
| पशुपछी तथा मत्स्य विकास शाखा | | ४२०००००.०० | |
| महिला बालबालिका तथा जेष्ठ नागरिक | | ३००००००.०० | |
| प्रधानमन्त्री रोजगार सेवा केन्द्र सँग साझेदारी कार्यक्रम | | १००००००.०० | |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सुदृढीकरण आयोजना साझेदारी | | ७०००००.०० | |
| वन वातावरण विपद् व्यवस्थापन अन्तर्गतका कार्यक्रमहरु | | ६०००००.०० | |
| सुशासन तथा संस्थागत सेवा प्रवाह एवं सूचना प्रविधि | | १५०००००.०० | |
| जम्मा | | ७५००००००.०० | |

माथी उल्लेखित व्ययको विस्तृत कार्यक्रम विवरण विनियोजन विधेयकको अनुसूचीमा रहेको छ।

अध्यक्ष महोदय,

राप्ती गाउँपालिकामा कार्यरत स्थायी,अस्थायी, करारका कर्मचारीतथा स्वास्थ्यकर्मी समेतलाई प्रोत्साहन तलबमानमा २००० वढ्ने गरी बजेट व्यवस्था गरेको छु। पर्यटन काज ,खाजा खर्च लगायतका कर्मचारी प्रोत्साहन सम्बन्धी प्याकेज कार्यपालिकाले कार्यविधि बनाई कार्यान्वयन गर्नेछ। त्यसैगरी आगामी आ.व.मा गाउँपालिकाबाट बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारी, गृहणी विद्यालय सहजकर्ताको पारिश्रमिकमा संघीय सरकारबाट आउने रकममा पालिकाको स्रोतबाट रु ७०००/- थप गर्ने तथा गाउँपालिकाको अनुदानबाट तलब सुविधा खाने शिक्षकको प्राथमिक तहको मासिक रु २००००/- , आधारभुत तह को मासिक रु २२०००/- र पोशाक रु ७०००/- तथा एक महिना बराबरको चाडपर्व खर्च उपलब्ध गराईने छ।

अध्यक्ष महोदय,

आदरणीय अध्यक्ष महोदय तथा गाउँसभाका सदस्यज्यू हरु,
धैरै प्रकारका असहजता र प्रतिकुलताका बावजुत राप्ती गाउँपालिकाले लिएका नितिको कार्यान्वयनबाट समृद्धिको दिशा यात्रा तय गरिनेछ र कोभिड १९ मा डटेर जुट्नुपर्ने राजनितिक दल जनप्रतिनिधि सामाजिक संघ संस्था निजी क्षेत्र र नागरिक समाजलाई आआफनो ठाँउबाट योगदान गर्न अनुरोध गर्दछु।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय अध्यक्ष ज्यू तथा अथक मेहनत र परिश्रम गर्नुहुने सम्पूर्ण वडा अध्यक्षज्यूहरु, सम्पूर्ण विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु तथा गाउँसभाका सदस्यज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा,स्वस्थ्य सावधानी अपनाई कोभिड १९ महामारी जोखिमबाट सुरक्षित रहदै गाउँपालिकाको विकास अभियानमा सहभागी हुन सबैमा दिदी बहिनी तथा दाजुभाईलाई हार्द्धिक आव्हान गर्दछु।

धन्यवाद ।